# प्रथम पञ्चवर्षीय योजना

## (आर्थिक वर्ष २०७८/०७९-२०८२/०८३)

संक्षिप्त अवधारणा पत्र

प्रदेश सरकार

प्रदेश नीति तथा योजना आयोग

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

मंसिर, २०७८

# विषय सूची

विषय

१. पृष्ठभूमि
२. प्रथम योजनाको आवश्यकता र औचित्य
३. विद्यमान अवस्था
४. प्रादेशिक सोच
५. प्रादेशिक लक्ष्य
६. प्रादेशिक उद्देश्य
७. प्रादेशिक रणनीति
८. सहयोगी क्षेत्रहरु
९. रुपान्तरणका प्रमुख सम्बाहक (Key Drivers of Transformation )
१०. विषयवस्तु
११. तर्जुमा विधि तथा प्रक्रिया
१२. अपेक्षित नतिजा
१३. जोखिम पक्ष तथा अनुमान

अनुसूची १. प्रथम योजना (२०७८/७९-२०८२/८३) को विषय सूची
अनुसूची २. समय तालिका

# प्रथम पञ्चवर्षीय योजना
# (आर्थिक वर्ष २०७८/७९-२०८२/८३)

## १. पृष्ठभूमि

नेपालमा वि.सं. २०१३ सालदेखि योजनावद्ध विकासको शुरुवात भएको हो । राष्ट्रियस्तरमा ९ वटा पञ्चवर्षीय र ५ वटा त्रिवर्षीय गरी १४ वटा योजना कार्यान्वयन भइसकेका छन् । हाल पन्ध्रौं योजना कार्यान्वयनमा रहेको छ । वि.सं. २०६२/६३ को जन आन्दोलनको परिणामस्वरुप नेपाल संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था भएको मुलुकको रुपमा रुपान्तरण भयो । जनताबाट निर्वाचित ऐतिहासिक संविधान सभाद्वारा जारी भएको नेपालको संविधान बमोजिम आवधिक निर्वाचन सम्पन्न भई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा राज्य संरचना स्थापित भएको छ । आधुनिक नेपालको इतिहासमा मुलुकको राजनीतिक व्यवस्था, संरचना लगायत समग्र शासन प्रणालीमा रुपान्तरणकारी परिवर्तन तथा नागरिकको चेतनास्तरमा उल्लेख्य अभिवृद्धि भएको छ ।

निर्वाचन पश्चात लामो राजनैतिक संक्रमणकालको अन्त्यसँगै संघ, प्रदेश र स्थानीय तहमा स्थिर सरकार निर्माण भएको छ । मूलतः राष्ट्रको ध्यान मुलुकको समग्र विकास र आर्थिक सामाजिक रुपान्तरणमा केन्द्रित हुन गएको छ । वर्तमान संविधानमा मौलिक हक र राज्यका नीतिहरुको दायरालाई फराकिलो बनाउँदै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा लोककल्याणकारी एवम् समतामूलक समाज निर्माण गर्ने र समाजवाद उन्मुख, स्वतन्त्र तथा समृद्ध स्वाधीन अर्थतन्त्र निर्माण गर्ने राज्यको आर्थिक उद्देश्य

रहेको छ । संविधानको व्यवस्था र भावनालाई हृदयङ्गम गरी नेपाल सरकारले समृद्ध नेपाल र सुखी नेपाली बनाउने राष्ट्रिय लक्ष्य निर्धारण गरेको छ । साथै वर्तमान नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम लगायतका दस्तावेजहरुमा नागरिकको समृद्धिको चाहना पूरा गर्ने संकल्प गरेको छ ।

संघीयताको कार्यान्वयन स्वरुप नेपालमा सातवटा प्रदेश स्थापना भएका छन् । ती सात प्रदेश मध्ये साविकका सेती र महाकाली अञ्चलका नौ वटा जिल्लालाई समेटी सुदूरपश्चिम प्रदेश स्थापना भएको हो ।सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०७४/०७५ देखि सरकारका नीति तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना मार्फत विकासका कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ । प्रदेशको समग्र विकासका निम्ति योजनावद्ध कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने टड्कारो आवश्यकता महसुस भएको सन्दर्भमा योजना निर्माण र कार्यान्वयनको प्रक्रियालाई अगाडि बढाउने गरी प्रथम पञ्चवर्षीय योजना निर्माणको कार्य प्रारम्भ गरिएको छ । सो अनुरुप प्रदेशको तीब्र आर्थिक विकास, समृद्ध अर्थव्यवस्था र आत्मनिर्भर नागरिकको लक्ष्य प्राप्त गर्ने गरी प्रभावकारी कार्यान्वयन व्यवस्था सहितको प्रथम योजना तर्जुमाका लागि यो अवधारणा पत्र तयार गरिएको छ ।

## २. प्रथम योजनाको आवश्यकता र औचित्य

नेपालको संविधानले राज्यका तीनै तहका लागि अधिकारको बाँटफाँट गरेको छ । प्रदेशका लागि निर्धारित अधिकारका साथै संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त एवम् साझा अधिकार र नीतिहरुको पूर्ण कार्यान्वयनको योजनाबद्ध आधार तयार गर्नुपर्ने आवश्यकता छ । नेपाल सरकारले वि.सं. २०८३ सम्म राष्ट्रलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गरी सन् २०३० सम्म दिगो विकास लक्ष्यहरु हासिल गर्दै मध्यम आय भएको देशमा पुऱ्याउने लक्ष्य राखे अनुरुप राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि समेत

प्रादेशिक लक्ष्य निर्धारण र कार्यान्वयनको आवश्यकता रहेको छ । निर्देशित लक्ष्य अनुसार प्रदेशको विकास र नागरिकको समृद्धिको चाहना पूरा गर्ने प्रदेश सरकारको संकल्प बमोजिम तयार गरिएको प्रदेशको सोचको योजनावद्ध कार्यान्वयन गर्न प्रथम योजना तर्जुमा गर्नुपर्ने आवश्यकता छ ।

यस परिप्रेक्ष्यमा समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको वातावरण निर्माण, प्राथमिकताका क्षेत्रमा लगानी आकर्षण र उत्पादनशील रोजगारीका अवसर सृजना गरी तीब्र र दिगो आर्थिक वृद्धि हासिल गर्दै आर्थिक सामाजिक परिसूचकहरुमा उल्लेख्य सुधार गर्नुपर्ने भएको छ । यसका लागि गुणस्तरीय भौतिक तथा सामाजिक पूर्वाधार निर्माण, कृषिको व्यवसायीकरण, स्वच्छ ऊर्जाको उपलब्धता तथा सोको व्यापारको सुनिश्चितता, पर्यटन पूर्वाधारको विकास तथा औद्योगिकीकरण मार्फत रोजगारी सिर्जना गर्ने दिशातर्फ उन्मुख हुनेगरी योजना तर्जुमा गर्नु आवश्यक छ । विगतमा कार्यान्वयन भएका नीति तथा कार्यक्रमदेखि नै आय असमानता, भौगोलिक, जातीय र लैंगिक असमानता, कृषि क्षेत्रमा अत्यधिक निर्भरता, बढ्दो बेरोजगारी, कमजोर पूँजीगत खर्च तथा विप्रेषणमा बढ्दो निर्भरता लगायतका चुनौतीको सामना गर्नुपरेको छ । अहिले वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयन, स्थानीय अर्थतन्त्रको विकास तथा उपलब्ध अवसर र श्रोत साधनहरुको उच्चतम सदुपयोग गरी समृद्धिको आधार निर्माण गर्नुपर्नेछ । साथै, राष्ट्रिय तथा प्रादेशिक हित, लोकतन्त्र, सामाजिक न्याय, शान्ति र स्थिरतामा समेत ध्यान दिनु आवश्यक रहेको छ ।

विगतका नीति तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना कार्यान्वयनको अनुभवबाट पाठ सिकी ती कार्यक्रमहरुको सबल पक्षहरु आत्मसात गर्दै प्रथम पञ्चवर्षीय योजना तर्जुमा गरिनेछ । प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा समाजवाद उन्मुख प्रादेशिक अर्थतन्त्रको निर्माणका लागि अर्थतन्त्रको सुधार र आवश्यक संरचनागत रुपान्तरण, उत्पादनका साधन र सम्बन्ध तथा विकासको

प्रतिफलको वितरण र पुनर्वितरणका क्षेत्रमा नीतिगत प्रस्थान गर्नुपर्ने हुन्छ । निजी, सहकारी र सामुदायिक क्षेत्रको सबलीकरण, आन्तरिक उत्पादन वृद्धि गरी आन्तरिक स्रोतको परिचालन, विनियोजन कुशलता, पूँजीगत खर्चमा सुधार, गुणस्तरीय पूर्वाधार निर्माण, सुशासनमा अभिवृद्धि र नतिजामूलक योजना प्रणाली सुदृढीकरण जस्ता पक्षलाई सम्बोधन गर्न प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्नु आवश्यक छ । प्रदेशको संस्थागत विकासका लागि यो योजनाले मार्गचित्र प्रस्तुत गर्नेछ।यसका लागि संघीय सरकारको योजना र लक्ष्यअनुरुप स्थानीय तहसँग विकास कार्यमा सहयोग, समन्वय र सहकार्यमा जोड दिनु आवश्यक छ ।

## ३. विद्यमान अवस्था

संघीयताको कार्यान्वयनसँगै प्रदेशको समग्र आर्थिक, सामाजिक र राजनैतिक क्षेत्रहरुको विकास सकारात्मक दिशातर्फ उन्मुख भएको पाइएको छ । तथापि प्रदेश नयाँ राजनीतिक संरचना भएकाले यसको अभ्यास, संस्थागत क्षमता विकास र वित्तीय संघीयताको कार्यान्वयन प्रभावकारी हिसाबले हुन सकेको छैन ।

आ.व. २०७७/०७८ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) रू. २ खर्ब ९४ अर्ब ३७ करोड ६० लाख हुने अनुमान छ, सो रकम राष्ट्रिय अनुमानित कुल गार्हस्थ्य उत्पादनको ६.९ प्रतिशत हो । आर्थिक वर्ष २०७६/०७७ मा सुदूरपश्चिम प्रदेशको हिस्सा ७.० प्रतिशत रहेको थियो । गत आर्थिक वर्ष २०७७/०७८ मा प्रदेशको कुल गार्हस्थ्य वृद्धिदर ३.५६ प्रतिशत रहने अनुमान छ ।योजनाको अन्तिम वर्षमा १०.३ प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य लिइएकोमा नीति , कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्न सकिएमा मात्र सो लक्ष्य प्राप्त हुने देखिन्छ । आ.व. २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३६.१ प्रतिशत र कृषिमा आश्रित जनशक्ति ८४ प्रतिशत रहेको अनुमान छ । उद्योग

क्षेत्रको योगदान १३.२ प्रतिशत एवम् सेवा क्षेत्रको योगदान ५०.७ प्रतिशत रहने अनुमान छ ।

सुदूरपश्चिम प्रदेश सरकारको विगत आर्थिक वर्षको खर्चको स्थितिलाई हेर्दा आ.व.२०७५/०७६ मा जम्मा ५६.६२ प्रतिशत, आ.व. २०७६/०७७ मा ६२.८२ प्रतिशत र २०७७/०७८ मा ६८.६२ प्रतिशत रहेको देखिन्छ ।आ.व.२०७७/०७८ मा चालु खर्च तर्फ ६२.३८ प्रतिशत र पूँजीगत खर्च तर्फ ७५.२२ प्रतिशत रहेको छ । राजस्व असुली तर्फ हेर्दा आ.व. २०७५/०७६ मा १अरब२९करोड ६५लाख ८२हजार लक्ष्य राखिएकोमा ६७ करोड २० लाख ९२ हजार असुल भई ५१.८४ प्रतिशत प्रगति भएको देखिन्छ ।आ.व. २०७६/०७७मा ८२ करोड ६८ लाख १७ हजार लक्ष्य राखिएकोमा ८७ करोड ५४ लाख ९४ हजार असुली भई १०५.८९ प्रतिशत प्रगति भएको छ । २०७७/०७८ मा ६० करोड ७० लाख ३० हजार लक्ष्य राखिएकोमा असुली ९२ करोड ३० लाख ६४ हजार असुली भई १५२.१० प्रतिशत प्रगति भएको देखिन्छ। राजस्व आम्दानी विगत दुई आर्थिक वर्षको स्थितिलाई हेर्दा लक्ष्यभन्दा बढी आम्दानी भएको अवस्था छ ।

वर्तमान नेपाली अर्थतन्त्र आयात तथा विप्रेषणमुखी रहेको छ । कृषि क्षेत्रबाट बाहिर आएको श्रम शक्तिका लागि हरेक वर्ष श्रम बजारमा थप हुने अतिरिक्त जनशक्ति उद्योग र सेवा क्षेत्रमा रोजगारीको पर्याप्त अवसर नहुँदा वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता रहेको छ । सुदूरपश्चिम प्रदेशको स्थिति हेर्दा बाह्य मुलुक सहित भारतमा रोजगारीको लागि जाने जनसंख्या अधिक छ । २०६८ को जनगणना अनुसार यस प्रदेशबाट बाह्य मुलुकमा कार्यरत वा अनुपस्थित जनसंख्या २ लाख २६ हजार ६५रहेको देखिन्छ ।यो संख्या क्रमसः बढ्दै गएको अवस्था छ जसमा भारतमा रोजगारीका लागि जानेको संख्या धेरै छ। फलस्वरुप विप्रेषण आप्रवाहमा निर्भर हुने जनसंख्या उच्च रहेको छ । तर यसरी

प्राप्त विप्रेषण आय उत्पादनशील क्षेत्रमा लगानी भन्दा पनि उपभोग तथा सेवा— व्यवसायमा नै बढी खर्च भएको पाइएको छ । न्यून उत्पादकत्व र उत्पादनका कारण कुल माग अनुसारको आन्तरिक उत्पादन हुन नसक्दा आन्तरिक उपभोगको उल्लेख्य अंश आयातबाट पूर्ति भइरहेको अवस्था छ ।

विगतका दशकमा आधारभूत पूर्वाधारको पहुँच तथा आन्तरिक आवद्धतामा उल्लेख्य विकास भएको छ । प्रदेशगत सडक यातायात ४१४९ कि.मि., स्थानीय यातायाततर्फ ११७७ कि.मि.गरी जम्मा ५३२६ कि.मी. सडक पुगेको देखिन्छ । विद्युत उत्पादन ५२ मेगावाट र राष्ट्रिय विद्युत प्रणालीबाट विद्युतमा पहुँच प्राप्त घरधुरी ६४.६९ प्रतिशत पुगेको छ। (आर्थिक सर्वेक्षण २०७७/०७८) त्यसैगरी टेलिफोन प्रयोग गर्ने घरधूरी ९६.० प्रतिशत र इन्टरनेटमा पहुँच प्राप्त घरधूरी २४.३ प्रतिशत रहेको छ (नेपाल बहुसुचक क्षेत्रीय सर्वेक्षण –सन् २०१९) ।

सन् २०११ मा प्रदेशको बहुआयामिक गरिबी ५०.८ प्रतिशत थियो । बहुआयामिक गरिबी सूचकाङ्क प्रतिवेदन सन् २०२१ अनुसार यस प्रदेशमा बहुआयामिक गरिबी २५.३ प्रतिशत रहेको छ । सन् २०११ को तुलनामा सन् २०२१ को प्रतिवेदनमा बहुआयामिक गरिबी कम देखिएता पनि समग्र नेपालको सन्दर्भलाई हेर्दा सन्तोष मान्नु पर्ने अवस्था देखिदैन । प्राथमिक तहमा खूद भर्ना दर ९७.५ प्रतिशत छ । नेपाल जनसाख्यिक स्वास्थ्य सर्वेक्षण सन २०१६ अनुसार ५ वर्ष मुनीको बाल मृत्युदर ६९ र नवजात शिशु मृत्यु दर ४१ प्रति हजार जीवित जन्ममा रहेको देखिन्छ ।नेपालको मातृ मृत्युदर २३९ प्रति लाख रहेको छ । शुद्ध खानेपानी सेवामा पहुँच प्राप्त जनसंख्या १४.७ प्रतिशत रहेको छ (नेपाल बहुसुचक क्षेत्रीय सर्वेक्षण सन् २०१९) । लैंगिक समानता, सशक्तीकरण तथा सहभागिताको स्थिति समेत उल्लेखनीय छ । सामाजिक सुरक्षाको अवधारणा र यसको दायरा विस्तार हुँदै गएको छ ।

विगतमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा एवम् हिमाल र पहाडबाट तराई–मधेशमा आन्तरिक बसाइसराई तीव्र रुपमा बढेको छ । आन्तरिक बसाईंसराइ र वैदेशिक आप्रवासनका कारण ग्रामीण बस्तीमा युवाको न्यून उपस्थिति रहेको, जनघनत्व घटेको देखिन्छ। शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या ५८.९० प्रतिशत पुगेको छ (के.त.वि) । प्रदेशमा वनजंगलले ढाकिएको क्षेत्रफलमा उल्लेख्य वृद्धि भई ४४.७४ प्रतिशत पुगेको छ । (आर्थिक सर्वेक्षण २०७७/०७८) खासगरी ग्रामीण एवम् पहाडी क्षेत्रमा वातावरणमाथिको दबाब घटेको छ भने शहरी तथा तराई मधेश क्षेत्रमा वातावरण तथा प्राकृतिक स्रोतको दोहन बढिरहेको छ ।

उल्लेखित विद्यमान परिवेश तथा आवश्यकतालाई मध्यनजर गरी प्रादेशिक सोच, लक्ष्य, उद्देश्य र रणनीतिमा आधारित रहँदै देहायको उद्देश्य सहितको योजना खाका बमोजिम प्रथम पञ्चवर्षीय योजना निर्माण गर्न लागिएको छ ।

## ४. प्रादेशिक सोच

**"आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम"**

## ५. प्रादेशिक लक्ष्य

समतामूलक वितरण सहितको उच्च तथा दिगो आर्थिक वृद्धि, पर्यावरणीय सन्तुलन कायम गरी आत्मनिर्भर र समृद्ध प्रदेश निर्माण गर्ने ।

| क्र.सं. | लक्ष्य तथा सूचक | एकाइ | आधार वर्ष २०७७।०७८ | २०८२।०८३ |
|---|---|---|---|---|
| ५.१. | **उच्च र समतामूलक प्रादेशिक आय** | | | |
| | ✓ उच्च आय तथा प्रदेश स्तरको प्रतिव्यक्ति आय (अ.डलर)<br>✓ निरपेक्ष गरिबीको रेखा मुनीको | | | |

| | | | | |
|---|---|---|---|---|
| | जनसंख्या (% )<br>✓ वहुआयमिक गरिबीमा रहेको जनसंख्या (%) | | | |
| ५.२. | **मानव पुंजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग** | | | |
| | ✓ गुणस्तरीय, रोजगारमूलक तथा जीवनपयोगी शिक्षा प्राप्त नागरिक<br>✓ साक्षरता दर (%)<br>✓ आधारभूत तहमा खुद भर्नादर (%)<br>✓ माध्यमिक तहमा शैक्षिक समता सूचक ( भर्नादर) (%)<br>✓ स्वस्थ र लामो आयु भएका नेपाली उत्पादनशील र मर्यादित रोजगारीमा संलग्न जनसंख्या<br>✓ औषत आयु (वर्ष)<br>✓ ५ वर्ष मुनीको वालमृत्युदर (प्रति हजार जीवित जन्ममा )<br>✓ कुल प्रजननदर (प्रति महिला १५-४५ वर्ष) | | | |
| ५.३. | **सर्वसुलभ र आधुनिक पूर्वाधार एवम् आवद्धता** | | | |
| | ✓ सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात सेवा<br>✓ सडक घनत्व (कि.मि.प्रति १०० व.कि.मि.)<br>✓ प्रदेश स्तरीय सडकको लम्वाई (कि.मि )<br>✓ सहरी पूर्वाधारमा आवद्ध जनसंख्या<br>✓ स्वच्छ उर्जाको उत्पादन तथा उपभोगमा यसको अनुपात<br>✓ विद्युत उत्पादन (मे.वा)<br>✓ वैकैल्पिक उर्जा (मे.वा ) | | | |

| | | | | |
|---|---|---|---|---|
| | सूचना प्रविधिमा आबद्ध जनसंख्या<br>✓ मोवाइल फोन उपलब्ध जनसंख्या (%)<br>इन्टरनेट पहुँचको जनसंख्या (%) | | | |
| ५.४. | **उत्पादन तथा उत्पादकत्व** | | | |
| | ✓ कृषि, वनजन्य तथा औद्योगिक उत्पादन र अर्थतन्त्रमा सोको हिस्सा<br>✓ कृषिको योगदान (%)<br>✓ उद्योगको योगदान((%)<br>✓ सेवाको योगदान (%)<br>✓ क्षेत्रगत तथा उत्पादनका साधनको उत्पादकत्व<br>✓ कृषिको उत्पादकत्व (रु.)<br>✓ श्रमको उत्पादकत्व (रु.)<br>उर्जा उपभोगमा स्वच्छ उर्जाको अनुपात | | | |
| ५.५ | **परिस्कृत तथा मर्यादित जीवन** | | | |
| | ✓ नागरिक स्वस्थता (शारीरिक, मानसिक तथा मनोवैज्ञानिक)<br>✓ सुविधासम्पन्न तथा सुरक्षित आवास<br>सुरक्षित आवासमा वसोवास गर्ने जनसंख्या (%)<br>✓ गतिशील सामाजिक जीवन<br>✓ आधुनिक भौतिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व<br>✓ महिलाको नाममा घरजग्गाको स्वामित्व (%)<br>उच्च नागरिक सन्तुष्टि | | | |
| ५.६ | **सभ्य र न्यायपूर्ण समाज** | | | |

| | | | | |
|---|---|---|---|---|
| | ✓ विभेद, हिंसा र अपराधमुक्त समाज<br>✓ लैंगिक हिंसावाट पिडित महिला (१५-४९ वर्ष) को प्रतिशत<br>✓ उजुरी संख्या<br>✓ सामाजिक सुरक्षा तथा संरक्षण<br>✓ सामाजिक सुरक्षा.मा आवद्ध जनसंख्या (%)<br>✓ सा.सु . मा विनियोजित बजेट (कुल विनियोजनको % )<br>सामाजिक-सांस्कृतिक विविधता प्रवर्द्धन तथा संरक्षण | | | |
| ५.७ | **स्वस्थ र सन्तुलित पर्यावरणीय पद्धति** | | | |
| | ✓ प्रदुषणमुक्त र स्वच्छ वातावरण<br>✓ वातावरण संरक्षणमा वार्षिक विनियोजन (रु.करोडमा)<br>✓ जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन<br>✓ जलवायू परिवर्तन अनुकूलनशीलता<br>प्राकृतिक विपद् उत्थानशील समाज र अर्थतन्त्र<br>✓ प्राकृतिक प्रकोपवाट प्रभावित परिवार ( प्रतिशतमा) | | | |
| ५.८ | **सुशासन** | | | |
| | ✓ कानुनी शासन<br>✓ मुद्धा फर्छ्योटको अनुपात (%)<br>✓ इगर्भर्नेसमा आवद्ध सरकारी निकाय (संख्या)<br>✓ विद्युतीय प्रणालीमा आधारित सबल, सक्षम, जवाफदेही सार्वजनिक सेवा<br>सुदृढ शासन प्रणाली | | | |
| ५.९ | **सबल लोकतन्त्र** | | | |
| | ✓ मौलिक हकको प्रत्याभूति | | | |

| | | | | |
|---|---|---|---|---|
| | नागरिक सहभागिता<br>✓ प्रादेशिक निर्वाचनमा मतदाताको सहभागीता प्रतिशतमा | | | |
| ५.१० | **प्रादेशिक एकता र सम्मान** | | | |
| | ✓ नेपालीत्वको उच्च भावना<br>✓ राष्ट्रिय परिचयपत्र प्राप्त नेपाली नागरिक प्रतिशतमा<br>✓ नागरिकताको प्रमाणपत्र प्राप्त नागरिक प्रतिशतमा<br>✓ उच्च सामाजिक सद्भाव<br>✓ उच्च मानव तथा अन्य सुरक्षा<br>✓ प्रहरी कार्यालयमा प्रात्त उजुरीको फछ्र्योट<br>✓ फौजदारी अभियोग दर्ता प्रतिशत<br>अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता | | | |

## ६. प्रादेशिक उद्देश्य

१. पूर्वाधार निर्माण, सामाजिक—आर्थिक रुपान्तरण, उच्च तथा दिगो आर्थिक वृद्धि, गरिबी निवारण गरी समृद्धिको आधार निर्माण गर्नु ।

२. उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र स्रोतसाधनमा पहुँच विकासगरी नागरिकलाई आत्मनिर्भर बनाउनु र मर्यादित जीवनको अनुभूति दिलाउनु ।

## ७. प्रादेशिक रणनीति

१. प्रदेशको आवश्यकता निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सबलीकरण, अर्थतन्त्रको औपचारिकीकरण, स्वच्छ ऊर्जाको उपभोग र प्रदेशको आर्थिक, पर्यटकीय, शैक्षिक तथा व्यापारिक क्षेत्रीय केन्द्र (Regional Hub) का रुपमा विकास सहित तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने ।

२. सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र गुणस्तरीय प्राविधिक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्ने ।

३. उत्पादन, व्यापार र सेवा प्रवाह केन्द्रित सर्वसुलभ र आधुनिक पूर्वाधार निर्माण गरी आन्तरिक तथा अन्तरप्रदेशीय अन्तरआवद्धता विकास ।

४. कृषि क्षेत्रको व्यवसायिकीकरण, उद्योग र सेवा क्षेत्रमा स्वच्छ र आधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

५. उत्पादनका साधन, सार्वजनिक संस्था र रोजगारीमा समतामूलक अवसरको सिर्जना सहित पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६. लैंगिक समानता, सबै प्रकारका विभेद, हिंसा र अपराध विरुद्ध शून्य सहनशीलता र सामाजिक—सांस्कृतिक पुँजीको उपयोग गर्ने ।

७. प्राकृतिक स्रोत साधनको सन्तुलित संरक्षण र आयमूलक व्यवस्थापन एवम् उत्थानशील उत्पादन प्रवर्द्धन गर्ने ।

८. विद्युतीय शासनको प्रयोग मार्फत सार्वजनिक सेवामा सुशासन प्रत्याभूत गर्ने।

## ८. सहयोगी क्षेत्रहरु (Enablers)

योजनाको कार्यान्वयनका सहयोगी पक्ष र वातावरण निम्नानुसार रहेका छन् ।

- प्राकृतिक सम्पन्नता - मनोरम र विविधतायुक्त भू—बनोट, हिम श्रृङ्खला, पर्यावरणीय विविधता र प्राकृतिक स्रोतको प्रचुरता ।
- भौगोलिक अवस्थिति — उत्तरमा चीन, दक्षिण पश्चिममा भारत र भारतका विभिन्न राज्यहरु तथा संघीय राजधानी दिल्ली सँगको निकट भौतिक दुरी र सोबाट पर्यटन, व्यापार, वित्तीय तथा अन्य सेवा क्षेत्रका सम्भाव्य अवसर ।
- जनसांख्यिक लाभ - युवा जनशक्तिको बाहुल्यता र यसको पूर्ण उपयोग
- सांस्कृतिक सम्पन्नता तथा पहिचान - सामाजिक—सांस्कृतिक विविधता, नेपाली पहिचान र संस्कृति, विश्वास तथा सहयोग ।

- ❖ सामाजिक पुँजी - परम्परागत ज्ञान, स्थानीय सामाजिक तथा सामुदायिक संस्था, सामाजिक साझेदारी, पारस्परिकता र उत्थानशीलता, बाह्य अनुभव तथा सीप ।
- ❖ उर्जा - जलविद्युत, सौर्य उर्जा तथा अन्य स्वच्छ उर्जाको सम्भावना र उपयोग ।
- ❖ भौतिक पूर्वाधार विस्तार - सडक, विमानस्थल, रेल को सम्भावना र विस्तार ।
- ❖ सूचना प्रविधि सञ्जालीकरण - प्रविधितर्फ झुकाव भएको जनशक्ति र अर्थतन्त्रमा सूचना प्रविधिको उच्चतम प्रयोग ।
- ❖ संघीयता र वित्तीय संघीयता - अर्थतन्त्रको आधारशिलाका रुपमा स्थानीय तह र प्रदेशको सम्भावना तथा वृहत् राजनीतिक परिचालनको सम्भावना ।
- ❖ वित्तीय स्रोत - आन्तरिक तथा बाह्य सार्वजनिक, निजी र सहुलियतपूर्ण वित्तीय स्रोतको उपलब्धता ।

**९. रुपान्तरणका प्रमुख सम्बाहकहरु (Key Drivers of Transformation)**

१. कृषि तथा वन ।

२. पूर्वाधार ।

३. गुणस्तरीय पर्यटन सेवा।

४. जलविद्युत उत्पादन ।

५. गुणस्तरीय मानव पुँजी निर्माण तथा पूर्ण उपयोग ।

६. उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता ।

७. व्यवस्थित तथा आधुनिक सहरीकरण।

८. संघीय तथा स्थानीय अर्थतन्त्र ।

९. उद्यमशील कार्यसंस्कृति र औपचारिक क्षेत्रको विस्तार।

## १०. विषयवस्तु

प्रथम पञ्चवर्षीय योजनामा समावेश गरिने विषवस्तुको प्रारम्भिक विवरण **अनुसूची १** मा उल्लेख गरिएको छ । योजना दस्तावेजको आधारपत्र तयार गर्ने क्रममा यसलाई आवश्यकता अनुसार परिमार्जन गर्न सकिने छ ।साथै प्रादेशिक सोचका आधारमा लक्ष्य, उद्देश्य र सूचकहरमा समेत आवश्यकता अनुसार परिमार्जन गर्न सकिने छ ।

## ११. तर्जुमा विधि तथा प्रक्रिया

अनुसूची २ मा उल्लेखित समय तालिका बमोजिम प्रदेश नीति तथा योजना आयोग मा.उपाध्यक्षको अध्यक्षतामा निर्देशक समिति र मा.सदस्यहरुको अध्यक्षतामा विषय क्षेत्रगत समिति गठन गरिनेछ । दीर्घकालीन सोच दस्तावेजमा उल्लेख हुने तथा लक्ष्य अनुरुप समग्र तथा विषय क्षेत्रगत उद्देश्य, रणनीति तथा कार्यनीति विकास गरिनेछ । परिमाणात्मक लक्ष्य निर्धारण र सोको परीक्षण गरी उपयुक्त रणनीति तथा बृहत् कार्यक्रम प्रस्ताव गर्न उपयुक्त आर्थिक नमूना प्रयोग गरिनेछ । यसरी तयार गरिएको आधार पत्रको प्रारम्भिक मस्यौदा परिमार्जन गरी आयोगबाट अनुमोदन गरिनेछ । सो मस्यौदा माथि प्रदेश र स्थानीय तहमा सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदार तथा युवा वर्ग लगायत सबै सरोकारवालहरुसँग छलफल तथा अन्तरक्रिया गरिनेछ । छलफल तथा अन्तरक्रियाबाट आधारपत्र उपर पृष्ठपोषण प्राप्त हुनुका साथै सम्पूर्ण सरोकारवालाहरुमा योजनाको अपनत्व अभिवृद्धि समेत हुनेछ । प्राप्त सुझावका आधारमा परिमार्जित आधार पत्रको मस्यौदा दस्तावेजलाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरी अनुमोदन गरिनेछ । सो बैठकमा प्राप्त

सुझावलाई सम्बोधन गरी तयार गरिएको अन्तिम मस्यौदालाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गरी प्रकाशन गरिनेछ । सो आधारपत्रलाई सम्बन्धित विषयगत मन्त्रालय वा निकायसँगको सहभागितामा विस्तृतीकरण गरी योजनाको पूर्ण दस्तावेज तयार गरी प्रकाशन गरिनेछ ।

## १२. अपेक्षित नतिजा

२०७८ साल फागुनको तेस्रो हप्ता प्रथम पञ्चवर्षीय योजनाको आधार—पत्र प्रकाशन तथा २०७९ साल जेठ १५ गतेभित्र प्रथम पञ्चवर्षीय योजनाको पूर्ण दस्तावेज प्रकाशनमा आएको हुनेछ । यो दस्तावेजले प्रदेश सरकारको मध्यावधि खर्च संरचना र वार्षिक विकास कार्यक्रम तर्जुमा तथा यस प्रदेश भित्रका स्थानीय तहको आवधिक योजना तर्जुमामा मार्गदर्शन प्रदान गर्नेछ । साथै यसबाट बजेट तर्जुमा र कार्यान्वयनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १३. जोखिम पक्ष तथा अनुमान

अवस्थिति तथा भूबनोटका कारण प्रदेशमा भूकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपद्को उच्च जोखिम रहेको छ । विपद्को जोखिम न्यूनीकरण सम्बन्धी पर्याप्त तयारी नभएमा वा बृहत्, आधुनिक पूर्वाधार तथा निर्माणमा पर्याप्त सावधानी नअपनाइएमा प्रदेश विकसित अर्थतन्त्रमा रुपान्तरण हुँदै गर्दा यसबाट हुने मानवीय, भौतिक तथा आर्थिक क्षति, गरिबी तथा संकटापन्नतामा पर्ने प्रभावको सघनता उच्चरुपमा बढ्दै जाने सम्भावना रहन्छ । साथै जलवायू परिवर्तनका दृष्टिकोणले समेत प्रदेश ज्यादै जोखिमपूर्ण रहेकाले यसबाट जनजीवन, उत्पादन, पूर्वाधार तथा अन्य क्षेत्रमा प्रतिकूल असर पर्न सक्ने देखिन्छ ।

आर्थिक सामाजिक रुपान्तरण तथा समृद्धिको आधार निर्माण गर्न सो अनुरुप राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र र नागरिकको दृष्टिकोण तथा मनोवृत्ति एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन आवश्यक छ । अर्थतन्त्रलाई आत्मनिर्भर बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको परिचालन हुन नसकेमा

उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ । अन्तरदेशीय र अन्तरप्रदेश अपराध तथा महामारी, विश्व अर्थतन्त्रमा देखापरेका नवीनतम सोच तथा अवधारणाका कारण विश्व बजारमा आउन सक्ने असन्तुलन तथा आर्थिक संकटले नेपालको अर्थतन्त्रको वास्तविक, मौद्रिक, सार्वजनिक तथा बाह्य सबै क्षेत्रमा पार्ने प्रभावले प्रदेशलाई पनि असर पार्न सक्तछ ।

संघीय शासन प्रणाली कायम भई प्रदेश गठन भएको पनि चार वर्ष पूरा भएको छ ।संघीयता नयाँ अभ्यास भएको हुँदा यसको संस्थागत विकास र कार्यान्वयन क्षमताले विकास योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावित पार्न सक्छ । यसका लागि प्रादेशिक सोच तथा संघीय सरकारको पन्ध्रौं योजनासँग सामञ्जस्य हुने गरी प्रदेश सरकारले आफ्ना आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमामा एकरुपता कायम हुने गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छ ।

## अनुसूची १

### प्रथम योजना (२०७८/७९-२०८२/८३) को विषय सूची

विषय

परिच्छेद १ पृष्ठभूमि
१.१ प्रदेश वस्तुस्थितिको संक्षिप्त समिक्षा
१.२ समष्टिगत आर्थिक क्षेत्र
१.३ विषय क्षेत्र समिक्षा
१.४ अन्तरसम्बन्धित क्षेत्र
१.५ दिगो विकास लक्ष्यको स्थिति समिक्षा
परिच्छेद २ - दीर्घकालीन सोच तथा प्रथम पञ्चवर्षीय योजना
२.१ पृष्ठभूमि
२.२ चुनौती तथा अवसर
२.३ योजना खाका
२.३.१ प्रादेशिक सोच
२.३.२ प्रादेशिक लक्ष्य

२.३.३ प्रादेशिक उद्देश्य
२.३.४ परिमाणात्मक लक्ष्य
२.३.५ प्रादेशिक रणनीति
२.३.६ सहयोगी क्षेत्र (Enablers)
२.३.७ रुपान्तरणका सम्वाहक
२.४ विकासमा विभिन्न क्षेत्रको भूमिका
२.४.१ सार्वजनिक क्षेत्र
संघ
प्रदेश
स्थानीय तह
२.४.२ निजी क्षेत्र
२.४.३ सहकारी क्षेत्र
२.४.४ सामुदायिक क्षेत्र
२.५ समष्टिगत आर्थिक लक्ष्य र खाका
२.५.१ आर्थिक वृद्धिदर
२.५.२ उत्पादकत्व
२.५.३ लगानीको आवश्यकता र स्रोत
२.५.४ सार्वजनिक स्रोत व्यवस्थापन
२.५.५ अन्तरसरकारी वित्त
२.५.६ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू
२.५.७ प्रस्तावित लगानीबाट समष्टिगत अर्थतन्त्रमा पार्ने प्रभाव
परिच्छेद ३ - समष्टिगत अर्थतन्त्र
३.१ कुल गार्हस्थ्य तथा राष्ट्रिय बचत र उपभोग
३.२ सार्वजनिक वित्त
३.२.१ सार्वजनिक खर्च
३.२.२ राजस्व
३.२.३ वैदेशिक सहायता परिचालन
३.२.४ सार्वजनिक ऋण
३.३ वित्तीय नीति
३.४ बिमा तथा पूँजी बजार

३.५ सार्वजनिक,निजी र सहकारी साझेदारी
परिच्छेद ४ - आर्थिक क्षेत्र
४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन
४.१.१ कृषि विकास
४.१.२ पशुपन्छी विकास
४.१.३ खाद्य सुरक्षा तथा पोषण
४.१.४ सिंचाइ
४.१.५ भूमि व्यवस्था
४.१.६ जलस्रोत
४.१.७ वन तथा वनस्पति सम्पदा
४.१.८ खनिज सम्पदा
४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन
४.२.१ उद्योग
४.२.२ वाणिज्य
४.२.३ आपूर्ति
४.२.४ पर्यटन
परिच्छेद ५ - सामाजिक क्षेत्र
५.१ जनसंख्या तथा बसाइँसराइ
५.२ शिक्षा
५.३ स्वास्थ्य तथा पोषण
५.४ खानेपानी तथा सरसफाइ
५.५ युवा
५.६ महिला
५.७ बालबालिका तथा किशोरकिशोरी
५.८ ज्येष्ठ नागरिक
५.९ अपांगता भएका व्यक्तिहरू
५.१० खेलकूद
५.११ स्वयमसेवक सेवा
५.१२ सामाजिक सुरक्षा तथा संरक्षण र सामाजिक बीमा

परिच्छेद ६ - पूर्वाधार क्षेत्र

६.१ ऊर्जा

६.१.१ जलविद्युत्

६.१.२ वैकल्पिक तथा अन्य ऊर्जा

६.२ यातायात पूर्वाधार

६.२.१ सडक

६.२.२ हवाइ यातायात

६.२.३ केबलकार तथा अन्य यातायात (जल .....)

६.२.४ यातायात व्यवस्थापन

६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

६.४ विज्ञान तथा प्रविधि

६.५ सहरी विकास

६.६ ग्रामीण विकास

६.७ आवास तथा बस्ती विकास

६.८ पुनर्निर्माण

परिच्छेद ७ - सुशासन

७.१ न्याय प्रणाली (स्थानीय र प्रदेश )

७.२ सुरक्षा व्यवस्था

७.३ मानव अधिकार

७.४ संघीय शासन प्रणाली

७.५ स्थानीय तहको सन्तुलित विकास

७.६ शासकीय सुधार र भ्रष्टाचार निवारण

७.७ प्रशासकीय सुशासन

७.८ वित्तीय सुशासन

७.९ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

परिच्छेद ८ - अन्तरसम्बन्धित विषय

८.१ राष्ट्रिय एकता र सद्भाव

८.२ गरिबी निवारण

८.३ श्रम तथा रोजगारी

८.४ मानव संशाधन विकास

८.५ अनुसन्धान तथा विकास

८.६ उद्यमशीलता विकास

८.७ समानता र समावेशीकरण

८.८ सामाजिक सुधार

८.९ सामाजिक सांस्कृतिक विविधता

८.१० विपद् व्यवस्थापन

८.११ वातावरण

८.१२ जलवायु परिवर्तन

८.१३ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू

परिच्छेद ९ - योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

९.१ तथ्याङ्क प्रणाली

९.२ योजना तर्जुमा

९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था

९.४ आयोजना बैंक

९.५ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय

९.६ जोखिम व्यवस्थापन

९.७ अनुगमन तथा मूल्यांकन

## अनुसूची २
## समय तालिका

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|
| १. | प्रथम पञ्चवर्षीय योजना तयारीसम्बन्धी समय सीमासहितको कार्ययोजना तयारी | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७८ मंसिर १५ |
| २. | मा. उपाध्यक्ष्यज्यूको अध्यक्षतामा निर्देशक समिति गठन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | गठन भैसकेको |
| ३. | प्रथम पञ्चवर्षीय योजनाको अवधारणापत्र तयारी | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७८ मंसिर २० |
| ४. | प्रथम पञ्चवर्षीय योजनाको अवधारणापत्रका सन्दर्भमा राष्ट्रिय योजना आयोग सँग छलफल र सुझाब संकलन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु | २०७८ मंसिर २० र २१ |
| ५. | प्रथम पञ्चवर्षीय योजनाको | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु | २०७८ |

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|
| | अवधारणापत्रको स्वीकृति | | | मंसिर मसान्त |
| ६. | विषय क्षेत्रगत मन्त्रालयहरूबाट आधारपत्रको लागि विवरण प्राप्ति | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | माननीय उपाध्यक्ष | २०७८<br>मंसिर मसान्त |
| ७. | आर्थिक खाका (आर्थिक मोडेलिङ सहित) तयारी | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८<br>पुस मसान्त |
| ८. | प्रदेश वस्तुगत अवस्थाको समीक्षा प्रतिवेदन लाई साभार गरी आधारपत्रको विषय क्षेत्रगत मस्यौदा तयारी | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | माननीय उपाध्यक्ष | २०७८ माघ<br>२० गते<br>सम्म |
| ९. | आधारपत्रको क्षेत्रगत एकीकृत मस्यौदा तयारी | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८ माघ<br>मसान्त |
| १०. | आयोगबाट आधारपत्रको प्रारम्भिक मस्यौदाको स्वीकृति | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८<br>फाल्गुण<br>पहिलो साता |
| ११. | सरोकारवालाहरुसँग अन्तरक्रिया | | | |
| क. | स्थानीय तहमा अन्तरक्रिया | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८<br>फाल्गुण<br>दोस्रो र तेस्रो<br>साता |
| ख. | प्रदेश स्तरमा अन्तरक्रिया<br>प्रदेश संसदका मा. सदस्यहरु<br>प्रमुख राजनीतिक दलका पदाधिकारीहरु<br>नागरिक समाज, विद्वत वर्ग र पेशाविदहरु<br>प्रदेश सरकारका मा. मन्त्री तथा सचिवहरु<br>विकास साझेदारहरु | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८<br>फाल्गुण<br>मसान्त |
| ग. | राष्ट्रिय योजना आयोगसँग छलफल र सुझाव संकलन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु | २०७८<br>फाल्गुण<br>मसान्त |
| १२ | प्रदेश विकास परिषद्को गठन | प्रदेश सरकार | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | गठन आदेश<br>अनुसार हुने |
| १३ | आधारपत्रको अन्तिम मस्यौदा तयारी | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८ चैत्र<br>१० गते |
| १४ | प्रदेश विकास परिषद्को बैठक र सुझाव सहित आधारपत्रको अनुमोदन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु<br>सबै मन्त्रालय | २०७८ चैत्र<br>१५ गते |

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी | सहयोगी | समय सीमा |
|---|---|---|---|---|
| १५ | प्रदेश विकास परिषद्को सुझाव सहित आधारपत्रको परिमार्जन र अनुमोदन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७८ चैत्र १५ गते |
| १६ | प्रदेश सरकार (म.प.) बाट आधारपत्रको स्वीकृति | प्रदेश सरकार | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७८ चैत्र २० गते |
| १७ | आधारपत्रको प्रकाशन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७८ चैत्र मसान्त |
| १८ | प्रथम पञ्चवर्षीय योजनाको विस्तृत दस्तावेजको विषय क्षेत्रगत मस्यौदा तयारी | माननीय सदस्यहरु सबै मन्त्रालय | माननीय उपाध्यक्ष | २०७९ बैशाख २० गते |
| १९ | विस्तृत दस्तावेजको एकीकृत मस्यौदा तयारी | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७९ बैशाख मसान्त |
| २० | राष्ट्रिय योजना आयोगसँग छलफल र सुझाव संकलन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु | २०७९ बैशाख मसान्त |
| २१ | आयोगबाट विस्तृत दस्तावेज स्वीकृति | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७९ जेठ पहिलो साता |
| २२ | प्रकाशन | माननीय उपाध्यक्ष | माननीय सदस्यहरु सबै मन्त्रालय | २०७९ जेठ १५ |

# सन्दर्भ सामाग्रीहरु


1. **आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७७/७८**, नेपाल सरकार, अर्थ मन्त्रालय ।
2. रा.यो.आ. (२०७५), **नेपालको दीर्घकालीन सोच, २१०० (सन् २०४३) (अवधारणा पत्र),** काठमाण्डौ : नेपाल सरकार, राष्ट्रिय योजना आयोग (अप्रकाशित) ।
3. आ.व.२०७७/०७८ को वार्षिक विकास कार्यक्रम आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश
4. सुदूरपश्चिम प्रदेश सरकारका आ.व. २०७४/०७५ देखि आ.व.२०७७/०७८ सम्मका वार्षिक नीति तथा कार्यक्रमहरु ।

५. नेपाल बहुसुचक क्षेत्रीय सर्वेक्षण सन् २०१९ ।

६. नेपाल जनसाख्यिक सर्वेक्षण सन् २०१६ ।